नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष २९ | अंक १९३ | २०७६ साल फागुन १९ गते सोमबार (2 Mar. 2020 Monday) | मूल्य रु. ५/-

**Log on : *rajbirajdainik.com.np***

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- फरार अभियुक्तले सार्वजनिक संस्थाबाट पाउने सेवा सुविधा लिन नपाउने र निजको अधिकार कटौती हुने,
- आफ्नो नाममा जारी भएको म्याद नबुझ्ने वारिस वा कानून व्यवसायीलाई अदालतमा प्रतिनिधित्व गर्न नदिने,
- सरकारवादी मुद्दाका साक्षीलाई सरकारले दैनिक भ्रमण भत्ताको सुविधा र आवश्यकता अनुसार सुरक्षा प्रदान गर्ने,
- नबुझी नहुने साक्षी उपस्थित नभएमा जरिबाना तथा पक्राउ गर्न सकिने,
- पीडित वा साक्षीको परिचय गोप्य राख्न सकिने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

*यस अंक भित्र :* २ पृष्ठमा : राजपा र समाजवादीबीच ... ३ पृष्ठमा : रेल र जल यातायातमा ... ३ पृष्ठमा : अमेरिकाद्वारा इरान, ...

# जिर्ण सडक अविलम्ब मर्मत नगरिए आफै धर्नामा बस्ने सांसद चौधरीको चेतावनी




**दैनिक समाचारदाता**
**राजविराज, १८ फागुन ।**

सप्तरी क्षेत्र नं. ३ बाट निर्वाचित प्रतिनिधि सभा सदस्य चन्द्रकान्त चौधरीले जिर्ण सडकहरु अविलम्ब मर्मत नगरिए आफै धर्नामा बस्ने चेतावनी दिएका छन् ।

सप्तरी सदरमुकाम राजविराज जोड्ने मुख्य सडकहरुका साथै जिल्लाको आधा दर्जन सडक खण्ड बर्षौदेखि जिर्ण हुँदा पनि मर्मत सम्भार तर्फ सम्बन्धीत निकायको चासो नदेखिएको भन्दै आईतबार सांसद चौधरीले सो चेतावनी दिएका हुन् ।

राजपा नेपालका केन्द्रिय तथा स्थानिय नेता लगायत केही जनप्रतिनिधि समेत सहभागी रहेको टोलीको नेतृत्व गर्दै जिल्ला प्रशासन कार्यालय पुगेका सासद चौधरीले जिर्ण सडक मर्मत कार्य अबिलम्ब नथालिए आफै सडकमा धर्नामा बस्ने चेतावनी दिए ।

प्रतिनिधि सभा सदस्य चन्द्रकान्त चौधरीको नेतृत्वमा राजपाका केन्द्रिय सदस्य दिनेश कुमार यादव, विशेश्वर रजक, अमरनाथ मण्डलसहितको टोलीले जिर्ण सडक खण्डहरुको मर्मत सम्भार कार्य अबिलम्ब सुरु गर्नका लागि प्रमुख जिल्ला अधिकारी सुनिल खनालको ध्यानाकर्षण समेत गराए ।

सप्तरी सदरमुकाम राजविराज जोडने मुख्य सडक मानिएको राजविराज-हनुमाननगर, राजविराज-छिन्नमस्ता, राजविराज-कुनौली सडक खण्ड बर्षौदेखि जिर्ण छ । त्यस्तै पातो-कठौना, शम्भुनाथ-बनैनिया सडक खण्ड पनि बर्षौ देखि जिर्ण हुँदा पनि मर्मत सम्भार नगरिदा सर्वसाधारण जोखिमपूर्ण यात्रा गर्न बाध्य छन् ।

पातो-कठौना र शम्भुनाथ-बनैनिया सडक खण्डको टेन्डर प्रकृया पुरा भई ठेक्का लागेको २ वर्ष वितिसक्दा पनि निर्माण कार्य सुरु हुन नसकेको भन्दै सांसद चौधरीले सडक डिभिजन कार्यालय लहानका जिम्मेवार अधिकारीहरु मुकदर्शक बनेको बताए । उनले अबिलम्ब ठेकेदार कम्पनीका प्रतिनिधिलाई झिकाई कार्यवाही गर्न माँग समेत गरे ।

यस्तै राजपाका केन्द्रिय सदस्य दिनेश यादवले अति व्यस्त मानिने सडकहरु लामो समयदेखि जिर्ण हुँदा पनि सरोकारवाला निकाय मौन बस्नु दुखद भएको भन्दै अबिलम्ब मर्मत कार्य नथालिए आन्दोलन चर्काउने चेतावनी दिए ।

राजपाका अर्का केन्द्रिय सदस्य विशेश्वर रजकले राजविराज-कुनौली सडक खण्डमा गुडेका टिपर, ट्रक, बस, अटो लगायतका सवारीले उडाएको धुलोले दिउँसै बाटो नदेखिने र स्थानियमा गम्भीर असर पुर्याइरहेको भन्दै निर्माण कम्पनीलाई सडकमा पानी हाल्न कडा निर्देशन दिनुपर्ने माग गरे ।

सप्तरीको राजविराज-हनुमाननगर, राजविराज-रुपनी, राजविराज-छिन्नमस्ता, राजविराज-कुनौली, पातो-कठौना र शम्भुनाथ-बनैनिया सडकखण्ड भएर दैनिक सयौका संख्यामा सवारी सधान आवत जावत गर्छन । अहिले ति सडकखण्डहरुको दर्जनौ ठाउँमा आधी फिट सम्म गहिरो खाल्डा खुल्डी भएको छ ।

जसकारण दुर्घटना समेत भएको भन्दै स्थानियले मर्मत सम्भारको माग गर्दै जनप्रतिनिधिलाई घचघचाउन थालिएपछि समस्या समाधानमा जनप्रतिनिधिले चासो देखाएका हुन ।

प्रमुख जिल्ला अधिकारी खनालले सासदसहितको टोलीद्वारा गराईएको ध्यानाकर्षणलाई आफुले गम्भीरतापूर्वक लिएको र २/३ दिन भित्रै सरोकारवालालाई राखेर समस्या समाधानको पहल गर्ने बताए ।

# नेविसंघद्वारा पुस्तक र पेट्रोलियम पदार्थमा गरिएको मूल्यवृद्धिको विरोध



**दैनिक समाचारदाता**
**राजविराज, १८ फागुन ।**

नेपाली काँग्रेसको भ्रातृ संस्था नेपाल विद्यार्थी संघले पुस्तकमा लगाएको मूल्यवृद्धि फिर्ता लिन माग गर्दै देशभर विरोध गरेको छ ।

नेविसंघ सप्तरीले आइतबार दिउँसो राजविराजस्थित मविव

***बाँकी दुई पृष्ठमा***

## होली गायन प्रतियोगितामा सहभागी हुन अनुरोध


पौराणिक होली गितको संरक्षण गर्न र आफ्नै मौलिक संस्कृतिलाई जर्गेना गर्न २०७६ फागुन २४ गते बिहानको ११:०० बजे राजविराज नगरपालिकाको शिव मन्दिर अगाडी सेभ चाइल्डहुड फाउण्डेशन नेपाल परिवारले पौराणिक होली गित गायन प्रतियोगिता कार्यक्रम आयोजना गरेकाले सप्तरी जिल्लाका होली गायन टोलीहरुमा होली गायन प्रतियोगितामा सहभागी हुन अनुरोध छ ।

**तपसिल**

१ गायन समुह मध्येबाट विजेता, उपविजेता टोलीलाई नगद पुरस्कारको व्यवस्था गरिएको छ ।
२ मिति २०७६/११/२४ सहभागी टोलीको विहानको खाना आयोजकको तर्फवाट हुनेछ ।
३ सहभागी टोलीले मिति २०७६/११/२३ गते बेलुका सम्म नाम दर्ता गराउनु पर्नेछ ।

**कार्यालय र राजविराज न.पा रोड सिता फोटो कपीको माथिल्लो तल्ला हामो कृषि सहकारीको छेउमा**

**सर्म्पक नं** ९८४२८२०८६९, ९८१७७२१०९०, ९८५२८२३०५२, ९८४२८२२९६३




**देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् ।**

हाम्रो सेवाहरु →

**जनज्योति कृषि सहकारी संस्था लि.**
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

ipay remit | WESTERN UNION MONEY TRANSFER | Prabhu Money Transfer | IME International Money Express | himal remit हिमालरेमिट | CG Money | Best Remit | City Express | IME pay | MoneyGram money transfer

# कतारमा कोरोना भाइरसः उच्च सतर्कता अपनाउन आग्रह

काठमाडौँ, १८ फागुन (रासस) । दोहास्थित नेपाली दूतावासले कोरोना भाइरसको सङ्क्रमण देखिएपछि कतारमा रहेका नेपालीलाई उच्च सतर्कता अपनाउन अनुरोध गरेको छ । दूतावासले आज विज्ञप्ति जारी गर्दै कोरोना भाइरसको सङ्क्रमणबाट जोगिन अवलम्बन गर्नुपर्ने उपाय अपनाउन आग्रह गरेको हो । कतारमा करीब चार लाख नेपाली विभिन्न पेशाव्यवसायमा संलग्न छन् ।

दूतावासले हाछ्युँ गरेपछि वा खोकेपछि, खाना पकाउनु वा खानुअघि, शौचालय प्रयोगपछि, बिरामी भेटेपछि हात फोहर भएमा वा जनावर छोएपछि अनिवार्यरुपमा हात धुन सबैलाई अनुरोध गरेको छ । यस्तै साबुनपानीले हात धुन, फोहर हातले नाक, मुख र आँखा नछुन, हाछ्युँ गर्दा वा खोक्दा नाक र मुख बन्द गर्न वा रुमाल प्रयोग गर्न, रुघाखोकीको सङ्क्रमण भएका वा श्वासप्रश्वाससम्बन्धी समस्या हुने व्यक्तिको निकटमा नबस्न पनि दूतावासले आग्रह गरेको छ । इरानबाट उद्धार गरी ल्याइएका एक कतारी कोरोना भाइरसबाट सङ्क्रमित भएको पुष्टि भएको थियो ।

# गोली हानी हत्या प्रयास

जलेश्वर, १८ फागुन (रासस) । महोत्तरी मनरासिस्वा नगरपालिका-३ सोनौलगाउँ बस्ने ६१ वर्षीय सहदेवप्रसाद यादव अज्ञात व्यक्तिले आइतबार विहान गोली हान्दा गम्भीर घाइते हुनुभएको छ । उहाँको जनकपुरस्थित जानकी हेल्थकेयरमा उपचार भइरहेको जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक श्यामकृष्ण अधिकारीले जानकारी दिनुभयो ।

बिहान घर बाहिर पिसाब फेर्न निस्केका यादवमाथि गोली प्रहार भएको र गोली प्रहार गर्ने व्यक्तिको खोजीकार्य जारी रहेको प्रहरीले जनाएको छ । घटना भएको जानकारी पाएलगत्तै प्रहरी नायब उपरीक्षक माधवप्रसाद बुढाथोकी नेतृत्वको प्रहरी टोलीले घटनास्थल पुगी चाइनिज पेस्तोलमा लाग्ने दुई राउण्ड गोलीका खोका र एक राउण्ड गोली बरामद गरेको जनाइएको छ ।

### नेविसंघद्वारा ...

क्याम्पस अगाडी सडक अवरुद्धका साथै बिरोध प्रदर्शन गरेको छ ।

पुस्तकमा लगाइएको १० प्रतिशत कर खारेज गनुपर्ने, इन्धनमा गरिएको मूल्यवृद्धि फिर्ता लिनुपर्ने, भ्रष्टाचारीलाई कानूनी कारवाही गर्नुपर्ने, स्वतन्त्र विद्यार्थी युनियनको निर्वाचन सुनिश्चितता गर्नुपर्नेलगायतका माग राखी आइतबार देशभर विरोध गरेको हो ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट

डा. सुशील मोहन दास

(बी.एच.एम.एस)

सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार

Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

कन्सलटेन्ट बाल रोग विशेषज्ञ

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह

Dr. Parasmani Shah

MBBS (BPKIHS), MD (BPKIHS, Dharan)

NMC Reg. No. : 13297

कन्सलटेन्ट एनास्थेसियोलोजिष्ट

आइसियु स्पेस्लिष्ट र पेन फिजिसिएन

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

# राजपा र समाजवादीबीच वार्ता प्रक्रिया कीन ढिलाई ?



अमरनाथ मण्डल

मधेश आन्दोलनको जनादेशले दिएको सन्देशहरुको सम्मानको लागि मधेशी जनताहरुले २ नम्बर प्रदेशको राजपा र समाजवादीको तालमेलमा लडेका निर्वाचन सन्दर्भमा यी दुई पार्टीलाई मधेशी जनतालाई सम्मानजनक मत दिई राष्ट्रिय पार्टीपको दर्जामा अंकित गरेको अवस्था र सन्दर्भ लिएर मधेश आन्दोलनबाट दिशा निर्देश भएका मधेशी पार्टीहरुलाई मधेशी जनताको हितका सवालहरुमा संविधान संशोधन लगायत नागरिकता समस्या लगायतका समस्याहरुको सवालहरुमा गम्भिर भई मधेश र मधेशी जनताको हितको लागि अग्रसर रहन यी दुई पार्टीलाई मधेशी जनताले निर्वाचन तथा मधेश आन्दोलनबाट जनादेश निर्दिश गरिएको छ ।

मधेशी जनताको जनभावना अनुसार राजपा र समाजवादीको एकीकरण हुनुपर्ने जोडतोरले उठिरहेका आवाजहरु केही दिन यतादेखि हरेक मधेशी जनताको जनभावनामा जन लहर उत्पन्न भइरहेको कारणले गर्दा राजपा र समाजवादीले विगतका दिनमा गरेका गल्तीहरु शासकीय पार्टी नेकपासँग गरेका तालमेलहरु तथा सरकारमा जानु र सत्ता मोह देखाउनु जस्ता असुहाउदो सन्दर्भहरुलाई हेर्दाखेरी मधेशी जनताहरु निराशको मनोदशामा पुगेका थिए । तर केही दिन यता राजपाका नेताहरु दिल्ली दरवारबाट फर्किएपछि राजपा र समाजवादीबीच एकताको संकेतहरु उठन थालेको थियो । जसको परिणाम जनकपुरधाममा राजपाका अध्यक्षमण्डलका सदस्य राजेन्द्र महत्तोको वक्तव्य र सप्तरीमा उपेन्द्र यादवको वक्तव्यको सन्दर्भ जोड्दा वार्ताको प्रक्रियाहरु अगाडि बढ्ने संकेतहरु देखा परिरहेका थिए । तर, वार्ताको सवालहरु उठिरहेतापनि वार्ताका गतिविधिहरु वैधानिक रुपमा, कार्यगत रुपमा र व्यवहारमा वार्ता टोलीहरुको प्रारम्भिक स्तरको गठन र सन्दर्भ नत राजपाले चालेका छन् नत समाजवादीले चालेका छन् ।

वार्ताका कुराहरु विभिन्न किसिमका सञ्चार माध्यमहरुमा आईसक्दा वार्ताको कुरा शिखर चरणमा पुग्ने गरेको तर वार्ताको कुनै पनि स्तरीय टोलीहरु गठन नभई वार्ताको प्रक्रिया नथालेकोले मधेशी जनताहरुले शंकाको दृष्टिकोणले हेरेको सन्दर्भ छ । अहिले समाजवादी पार्टीले गाउँ-गाउँमा तथा जिल्ला-जिल्लामा गई विसु संगठन विस्तारको नाममा अभियान संचालन गरिरहेका छन् भने राजपाले दुई महिनामा अध्यक्षमण्डलका संयोजक फेर्ने प्रक्रियासँगै अहिले शरत सिंह भण्डारी अध्यक्षमण्डलको संयोजक रहेको छ भने तिन चार महिना पहिले राजपाका अध्यक्षमण्डलका सदस्य राजेन्द्र महत्तोलाई राजपाले वार्ता टोलीको संयोजक बनाई वार्ताको वातावरणलाई अगाडि बढाउन राजपाले निर्देशित गरेका थिए भने राजपाका अध्यक्षमण्डलका सदस्य राजेन्द्र महतो सक्रिय रुपमा वार्ता प्रक्रियालाई तथा वातावरणलाई अगाडि बढाउनु मिहिनेत र कसरत गरेका थिए । तर त्यही बेला समाजवादी पार्टीले सरकारमा गएको सन्दर्भ लिएर वार्ताका प्रक्रियाहरु रुकेको अवस्थामा अहिले आएर फेरि राजपा र समाजवादीले वार्ताको प्रक्रियालाई जोरतोडले अगाडि बढाइरहेको सन्दर्भको कुराहरु अघि सारिएको अवस्थामा छन् ।

राजपा ६ मधेशवादी दल मिलेर बनेको पार्टी भित्र अध्यक्षमण्डलमा ६ सदस्यीय रहेको सन्दर्भमा समाजवादीसँग वार्ताको प्रक्रिया बढाउन आपसि तालमेल नमिलेको कारण पनि वार्ता प्रक्रियालाई अगाडि बढाउन ढिलाई भईरहेको देखिन्छ भने सरकारबाट भर्खरै बाहिरीएका समाजवादीले सत्ता स्वाद चाखेपछि सत्ताको लागि छटपटाइरहेको सन्दर्भमा प्रदेश २ को सरकारमा समाजवादी र राजपा सहभागिता रहेकोले प्रदेश २ को सरकार पनि टुट्ने शंका र उपशंकाको बीच केन्द्रबिन्दु रहेको अवस्थामा समाजवादीका अध्यक्ष उपेन्द्र यादवले वार्ताकोलागि तलिन रहेको अवस्था देखिन्छ ।

राजपा र समाजवादीको वार्ता प्रक्रियालाई अगाढि बढाउन मधेशका बुद्धिजिविहरुको दवावमुलक स्थितिको सिर्जना पर्नु पर्ने अवस्थामा मधेशी जनताको मर्म र भावना अनुरुप वार्ता प्रक्रिया अगाडि बढ्नु नै मधेशको हितको लागि सार्थक हुने देखिन्छ । राजपामा रहेका गाउँदेखि केन्द्रीय स्तरसम्मका नेताहरु तथा समाजवादीमा रहेका गाउँदेखि केन्द्रसम्मका नेताहरुको बीच समायोजनको प्रक्रियालाई एकीकरणमा परिवर्तन गर्न विभिन्न किसिमका वार्ता टोलीहरु गठन गरी वार्तालाई सार्थक सिद्ध गर्न प्रयासको थालनी गर्नकोलागि राजपा र समाजवादीका कार्यकर्ताहरु, नेताहरुको दवावमुलक कार्यक्रमहरु गरी सक्रियताको साथ वार्ता प्रक्रियालाई अगाडि बढाउनु आ आफ्ना पार्टीलाई दवाव दिनुपर्ने अवस्था देखिन्छ ।

राजपा र समाजवादी एक अर्कामा समाहित गरी नेपालको वैकल्पिक शक्तिको रुपमा अगाडि बढी मधेश नायक गजेन्द्र नारायण सिंह, बाबा रामजन तिवारी जस्ता नेताहरुको सपनालाई साकार पार्नु पर्ने अवस्था अहिले देखिन्छ । वार्ता नभएभने यी दुवै पार्टीको अवस्था दायनिय भई बुद्धिजीविहरुको तर्क आफ्नै ठाउँमा रहेका छन् भने यी दुई पार्टीका केन्द्रीय स्तरका नेताहरु वार्ता नभए भने पार्टीको अवस्था कस्तो हुने राम्रोसँग बुझेको देखिन्छ । तसर्थ संविधान संशोधन जस्तो सवालहरुलाई संसदमा टेबुल गर्नका लागि यी दुई पार्टीको बीचमा वार्ताको अपरिहार्य देखिन्छ ।

मधेश आन्दोलनले दिएका जनादेश र जनभावनालाई सम्मान गर्नको लागि तथा मधेशका यी दुई दलको अस्तित्वलाई कायम राख्नका लागि यी दुई पार्टीको वार्ता प्रक्रिया अगाडि बढ्नु पर्ने देखिन्छ । नत्र भोलीका दिनमा समाजवादी र राजपाको पार्टी मात्र होईन कार्यकर्ताहरु पनि विलिन हुने अवस्थाको सिर्जना हुने बेर लाग्ने छैन ।

# कोरोना कहर : देशकै ठूलो सवस्टेशन निर्माण प्रभावित

काठमाडौं, १८ फागुन (रासस) । नोबल १९ कोरोना भाइरसका कारण नेपालको भौतिक विकास निर्माणमा ठूलो प्रभाव परेको छ । चीनबाट प्राविधिक जनशक्ति आउन नसक्दा देशकै ठूलो सवस्टेशन निर्माणमा समेत समस्या पैदा भएको छ ।

मुलुकको प्रसारण प्रणालीलाई सुदृढीकरण तथा नेपाल र भारतबीचको विद्युत् व्यापार गर्ने लक्ष्यका साथ धनुषामा निर्माणाधीन ४०० केभी क्षमताको ढल्केबर सवस्टेशनको काम प्रभावित भएको छ । 'ग्यास इन्सुलेटेड सवस्टेशन (जिआईएस)'का उपकरणको सञ्चालन परीक्षण गर्न कोरोना भाइरसले गर्दा चिनियाँ इञ्जिनीयर आउन नसक्दा सवस्टेशनको निर्माण प्रभावित भएको नेपाल विद्युत् प्राधिकरणले जनाएको छ । पूर्व-पश्चिम विद्युत् आपूर्ति र भारतसँग विद्युत् व्यापारका लागि निर्माण गरिएको जिआइएस प्रविधियुक्त स्वचालित ढल्केबर सवस्टेशन मुलुकभित्रको सबैभन्दा ठूलो सवस्टेशन भए पनि निर्माण सम्पन्न हुनै लाग्दा कोरोनाको प्रभावमा परेको हो ।

सवस्टेशनको उपकरण जडानमा खटिएका प्राविधिकले अहिलेकै अवस्थामा चिनियाँ इञ्जिनीयर निर्माण क्षेत्रमा आउन नसक्ने र आएको खण्डमा पनि काम नहुने अवस्था देखिएको छ । चीनबाट आएका इञ्जिनीयरलाई १४ दिन क्वारेन्टाइनमा राख्नुपर्ने हुँदा तत्काल उनीहरु आउँदा पनि आयोजनाको काम करिब साढे एक महिना ढिला हुने देखिएको छ । आयोजनाले आजदेखि उपकरणको सञ्चालन परीक्षणको तयारी गरेको थियो ।

नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले कोरोना भइरसका कारण चिनियाँ इञ्जिनीयर आउन नसक्दा निर्माणको अन्तिम चरणमा पुगेको सवस्टेशनको काम प्रभावित भएको जानकारी दिनुभयो । "जिआइएस तथा अरु उपकरण जडान भइसकेका छन्, चीनमा उत्पादित उपकरण भएकाले सञ्चालन परीक्षणका लागि चिनियाँ इञ्जिनीयर आउनुपर्छ, कोरोना भाइरसका कारण उनीहरु आउन नसक्दा सवस्टेशन सञ्चालन हुने मिति धकेलिएको हो", उहाँले भन्नुभयो ।

गत पुसभित्र निर्माण सम्पन्न गरी सञ्चालन गर्ने लक्ष्यका साथ काम भएको सवस्टेशनको जाडोमा तराईमा चलेको शीतलहरका कारण उपकरण जडान प्रभावित हुँदा करिब डेढ महिना ढिलाइ भइसकेको छ । पछिल्लो पटक आगामी चैतभित्र सवस्टेशन सञ्चालनमा ल्याउन लक्ष्य राखिएको छ । सवस्टेशन चार्ज भएपछि नेपाल-भारतबीच करिब एक हजार मेगावाट विद्युत् आयात तथा निर्यातका लागि पूर्वाधार तयार हुनेछ । त्यसको साथै ४५६ मेगावाटको माथिल्लो तामाकोशी जलविद्युत् आयोजनाको विद्युत् राष्ट्रिय प्रसारण प्रणालीमा सहजरुपमा प्रवाह गर्न र मुलुकभित्र खपत हुन नसकेको विद्युत् भारत निर्यात गर्न सकिनेछ ।

सवस्टेशनमा रहने ट्रान्सफर्मरको क्षमता ९४५ केभीए छ । कूल २२० केभी प्रसारण लाइनमार्फत ढल्केबर सवस्टेशनमा आएको माथिल्लो तामाकोशीको विद्युत्लाई त्यहाँबाट आन्तरिक खपतका लागि पूर्व र पश्चिम पठाउन मिल्ने गरी संरचना बनाइएको छ । वर्षायाममा बढी भएको विद्युत् ढल्केबर-मुजफ्फरपुर अन्तरदेशीय प्रसारण लाइनमार्फत भारत निर्यात गर्न सकिनेछ । सो प्रसारण लाइनको क्षमता ४०० केभी रहेको छ ।

यस्तै, हिउँदमा आवश्यक परेमा ६०० मेगावाटसम्म विद्युत् आयात गर्न सकिन्छ भने दुई मुलुकबीच इनर्जी बैंकिङ गर्नसमेत मार्ग प्रशस्त हुनेछ । दुई मुलुकबीच इनर्जी बैंकिङ गर्ने विषयमा यसअघि नै सहमति भइसकेको छ । हाल ढल्केबर-मुजफ्फरपुर अन्तरदेशीय प्रसारण लाइन २२० क्षमतामा मात्रै सञ्चालनमा रहेको छ । ढल्केबरमा ४०० केभीको सवस्टेशन निर्माण सम्पन्न भएपछि यो प्रसारण लाइनसमेत ४०० केभीमा सञ्चालन हुनेछ ।

प्राधिकरणका अनुसार सवस्टेशनमा ३१५ एमभीए क्षमताका तीन वटा गरी ९४५ एमभीए क्षमताका पावर ट्रान्सफर्मर रहने छन् । जसले करिब ९०० मेगावाट विद्युत्लाई प्रसारण गर्न सक्दछन् । नेपाल सरकार र प्राधिकरणको करिब रु दुई अर्ब लगानीमा निर्माणाधीन ४००/२२० केभीको ढल्केबर सवस्टेशन ४०० केभी प्रणालीमा आधारित नेपालकै पहिलो सवस्टेशन हो । सरकारले बजेटमार्फत आगामी आर्थिक वर्षभित्रमा ४०० केभीको ढल्केबर सवस्टेशन निर्माण सम्पन्न गरी सञ्चालनमा ल्याउने घोषणा गरेको छ ।

सवस्टेशन निर्माण भारतीय कम्पनी एबीबी र परामर्शदाताको काम नेपाली कम्पनी एनइए इञ्जिनीएरिङले गरिरहेको छ । प्राधिकरण र कम्पनीबीच सवस्टेशन निर्माणका लागि ८ डिसेम्बर २०१७ मा ठेक्का सम्झौता भएको थियो । प्राधिकरणले मकवानपुरको हेटौंडा र सुनसरीको इनरुवामा पनि ४००/२२० केभीको सवस्टेशन निर्माण गरिरहेको छ । उत्पादित विद्युत्को आन्तरिक खपत एवं द्विपक्षीय तथा क्षेत्रीय विद्युत् व्यापार प्रवर्द्धन लागि आन्तरिक प्रसारण एवं वितरण र अन्तरदेशीय प्रसारण प्रणालीको विस्तार तथा सुदृढीकरण गरिएको कार्यकारी निर्देशक घिसिङको भनाइ छ ।

# रेल र जल यातायातमा 'ब्रेक थ्रु' हुँदै

काठमाडौँ, १८ फागुन (रासस) ।

मुलुकको आर्थिक समृद्धिमा 'ब्रेक थ्रु' गर्ने ठानिएको महत्वपूर्ण राष्ट्रिय गौरवको आयोजना रेल र जल यातायातको काम द्रुत रूपमा अगाडि बढेको छ । सरकारले रेलवे सेवा चालू आर्थिक वर्षभित्रै सञ्चालनमा ल्याउने गरी काम थालिसकेको छ । यसैगरी पानी जहाज सञ्चालनको आवश्यक प्रक्रिया पनि जारी छ । रेल सञ्चालनका लागि 'रेल सेट' समेत तयार भइसकेको भौतिक पूर्वाधार तथा यातायातमन्त्री वसन्तकुमार नेम्वाङले जानकारी दिनुभयो ।

रेल सञ्चालनका लागि रेलवेसम्बन्धीको विधेयक संसद्मा पेश भइसकेको छ । पानीजहाजको पुरानो ऐन परिमार्जन गर्न मस्यौदा तयार पारेर विभिन्न मन्त्रालयको सुझाव लिने काम जारी रहेको जनाइएको छ । जनकपुर-जयनगर रेल सञ्चालनका लागि खरिद गरिएको दुई रेलसेटमध्ये एउटा भारतको चेन्नेइमा निर्माण सम्पन्न भएको छ । अर्को रेलसेट निर्माण सम्पन्न हुने चरणमा पुगेको मन्त्रालयले जनाएको छ ।

रेल विभागका महानिर्देशक बलराम मिश्र चालू आवभित्र रेल सञ्चालन गर्ने गरी काम भइरहेको बताउनुहुन्छ । उहाँले कर्मचारी व्यवस्थापनको प्रक्रिया चलिरहेको जानकारी दिनुभयो । रेल सेवा सञ्चालनका लागि सरकारले २६ विदेशीसहित २२६ कामदार नियुक्ति प्रक्रिया थालिसकेको छ ।

अन्य विभिन्न क्षेत्रमा बन्ने रेलमार्गका लागि पनि सरकारले एकैसाथ प्रक्रिया अघि बढाइसकेको छ । जोगवनी-विराटनगर खण्डमा रेलस्टेशनका लागि लामो समयदेखि जग्गा प्राप्तिमा देखिएको समस्या निराकरण भएको मन्त्री नेम्वाङले बताउनुभयो । उहाँका अनुसार पछिल्लो तीन महिनामा मात्रै निजगढ (चोचा) बर्दिबास रेलमार्ग खण्डमा थप दुई किलोमिटर ट्र्याक निर्माण गरिएको तथा चार पुलको फाउण्डेशन तयार भएको छ ।

यसैगरी कतिपय ठाउँमा वन क्षेत्र पर्ने भएकाले रुख हटाउन वन मन्त्रालयमा विवरण पेश तथा पूर्वपश्चिम विद्युतीय रेलमार्गको वैकल्पिक खण्ड निजगढ-भरतपुर रेलमार्गको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर)को काम सकेर अहिले सम्झौता चरणमा पुगेको जनाइएको छ ।

काठमाडौँको नारायणगोपाल चोक, रत्नपार्क, सातदोबाटो हुँदै चल्ने मेट्रोरेलसम्बन्धीको डिपिआर तयार गर्ने काम पनि अघि बढेको छ । काँकडभिट्टा-इनरुवा रेलमार्ग खण्डको विस्तृत अध्ययनका लागि चीन सरकारसँग सम्झौताको प्रक्रिया अघि बढेको मन्त्रालयले जानकारी दिएको छ ।

वीरगञ्ज-काठमाडौँ रेलमार्गको विस्तृत अध्ययन कार्यका लागि भारत सरकारले बजेट विनियोजन गरिसकेको छ । चालू आवमा रेल विभागबाट सञ्चालित योजनाको पूँजीगत खर्च २३.७८ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ । नेपालमा विसं २०६८ मा रेल विभाग स्थापना भए पनि गति लिन नसकेको काम अहिले धमाधम भइरहेको छ ।

**जल यातायातमा पनि काम तीव्र**

रेलसँगै सरकारले अन्तरदेशीय जलमार्गमा नेपाललाई जोड्न जल यातायातका लागि समेत आवश्यक प्रक्रिया अघि बढाइसकेको छ । सरकारले जहाज (सञ्चालन तथा व्यवस्थापन) विधेयक २०७६ को मस्यौदा तयार गरी सम्बन्धित मन्त्रालयमा रायका लागि पठाइसकेको छ । कालीगण्डकी नदीमा पानीजहाज सञ्चालनका लागि सम्भाव्यता अध्ययन गर्न आशयपत्र माग गरी इच्छुक फार्म/कम्पनीको छनोट प्रक्रिया अघि बढेको छ ।

हाल तयार भई पेश भएको मस्यौदा विधेयकअनुसार नयाँ नियमावली बनाउने कामसमेत शुरु भएको छ । सरकारले गत वर्षमात्रै पानीजहाजको कार्यालय स्थापना गरेको थियो । वर्तमान परिवर्तित समयमा पुरानो ऐनले काम नगर्ने भएकाले नयाँ ऐन आउने क्रममा छ । ऐन आउन ढिलाइ हुने भएकाले नियमालीबाट केही गर्न सकिन्छ कि भनेर प्रयास थालिएको मन्त्री नेम्वाङले बताउनुभयो ।

सम्भाव्यता अध्ययन नभएकाले नेपालको नदीमा कस्ता पानीजहाज चल्छन् भनेर अहिलेसम्म यकिन भएको छैन । मुख्यगरी पानीजहाजको काममा अन्तरमन्त्रालय समन्वयमा काम अघि बढेको र नेपालको झण्डा फहराएर कलकत्तादेखि बाराणसीसम्म जहाज सञ्चालन गर्न भारतसँग पारबहन सम्झौता अघि बढाएको समेत उहाँले जानकारी दिनुभयो ।

समुद्रमा चल्ने पानीजहाज नेपालमा आउँदैन । भारतमै पनि समुद्रमा चल्ने जहाज अन्य भित्री भागमा जाँदैन । आन्तरिक क्षेत्रमा रहेका नदीको पानीको बहावअनुसार साना जहाज चल्छन् । नेपालको कोशी, कर्णाली, नारायणी, कालीगण्डकीमा नदीको अध्ययन गरेपछि मात्रै कस्तो जहाज चल्छ भन्न सकिने पानीजहाज कार्यालयका निमित्त प्रमुख विपीनराज भण्डारीले बताउनुभयो । कालीगण्डकीमा भने अध्ययनका लागि प्रक्रिया अघि बढेको उहाँले जानकारी दिनुभयो ।

नेपालमा पानीको बहावअनुसारको जहाज सञ्चालन हुनेछ भने नेपाली झण्डा फहराएर अन्य क्षेत्रमा पनि नेपाली जहाज सञ्चालन गर्ने योजना सरकारको छ । सरकारले एक वर्षअघि पानीजहाज कार्यालय स्थापना गरेको हो । कार्यालय उद्घाटनका बेला प्रधानमन्त्री केपी शर्मा ओलीले मुलुक पानीजहाजको नयाँ युगमा प्रवेश गरेको बताउनुभएको थियो ।

## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने । पोखरीको डिल र साईडमा भएका झारपात हटाउने । आबश्यकता अनुसार मर्मत सम्भार गर्ने ।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने ।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने । उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ । कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर) ।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५_६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ । तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी_१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी_२ | स्टोकिङ्ग डेन्सिटी_३ | स्टोकिङ्ग डेन्सिटी_४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | धाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**

मोवाईल नं. ९८५२८२०९३५

## विश्व समाचार

### अमेरिकाद्वारा इरान, इटाली र दक्षिण कोरिया यात्रामा प्रतिबन्ध

वासिङ्टन, १८ फागुन (रासस/एएनआई) ।

संयुक्तराज्य अमेरिकाले आफ्ना नागरिकलाई कोरोना प्रभावित इरान, इटाली र दक्षिण कोरिया भ्रमण नगर्न आदेश दिएको छ ।

राष्ट्रपति डोनाल्ड ट्रम्पसँगै आयोजित पत्रकार सम्मेलनमा उपराष्ट्रपति माइक पेन्सले विगत १४ दिनभित्र इरान भ्रमण गरेका कुनै पनि विदेशी नागरिकलाई अमेरिका प्रवेशमा प्रतिबन्ध पनि लगाइने जानकारी दिनुभयो । यही शर्त इटाली र दक्षिण कोरियाका सम्बन्धमा पनि लागू हुनेछ ।

अमेरिकी स्वास्थ्य विभागले कोरोना सङ्क्रमित एक व्यक्तिको मृत्यु भएको घोषणा गरेलगत्तै अमेरिकाले नयाँ प्रतिबन्ध घोषणा गरेको हो ।

उपराष्ट्रपति पेन्सले इरानी नागरिकमाथि यात्रा प्रतिबन्ध पहिल्यैदेखि रहे पनि विगत १४ दिनयता इरान भ्रमण गरेका कुनै पनि विदेशीलाई अमेरिका प्रवेश गर्न नदिइने बताउनुभयो ।

उहाँले इटाली र दक्षिण कोरियाका कोरोना प्रभावित इलाकामा भ्रमण नगर्न सल्लाह दिइएको पनि बताउनुभयो ।

त्यस अवसरमा राष्ट्रपति ट्रम्पले संयुक्तराज्य अमेरिकामा २२ जनामा कोरोनाको सङ्क्रमण देखिएको जानकारी दिँदै पछिल्लो परिस्थितिको सामना गर्न अमेरिका तयार रहेको बताउनुभयो ।

उहाँले कोरोनाभाइरसको खोप निर्माणका सन्दर्भमा कुराकानी गर्न अमेरिकाका विशिष्ट औषधि निर्माता कम्पनीहरुलाई छलफलका लागि आमन्त्रण गरेको जानकारी दिनुभयो ।

चीनको उहानबाट फैलिएको कोरोनाभाइरस बेलायत, सिङ्गापुर, इटाली, फ्रान्स, रसिया, स्पेन, इरान र भारतसमेत विश्वका ४५ भन्दाबढी देशमा फैलिइसकेको छ । विश्व स्वास्थ्य सङ्गठनले कोरोनाको सङ्क्रमणलाई अन्तरराष्ट्रिय स्वास्थ्य आपतकालका रुपमा घोषणा गरेको छ । चिनियाँ स्वास्थ्य आयोगले शनिबार कम्तीमा ४७ जनाको मृत्यु भएको जनाएको छ । चीनमा मात्र हालसम्म दुई हजार ८३५ जनाको ज्यान गइसकेको छ ।

### ग्रीसले १० हजार आप्रवासीलाई सीमामा रोक्यो

कास्टानिज, ग्रीस, १८ फागुन (रासस/एएफपी) ।

ग्रीसले टर्कीको सीमाभित्र प्रवेश गर्न चाहने झण्डै १० हजार आप्रवासीलाई सीमामै रोकेको ग्रीसको सरकारले जनाएको छ । सरकारी स्रोतले गैरकानुनीरुपमा प्रवेश गर्न खोज्ने झण्डै नौ हजार ९७२ जना आप्रवासीलाई एभरोस क्षेत्रतर्फ फर्काइएको जनाएको छ । यो क्षेत्र टर्कीसँग सीमा जोडिएको छ ।

टर्कीका राष्ट्रपति रिसेप तायिप एर्डोगानले गत साता युरोपतर्फको सीमा खुला गरिदिने धम्की दिएसँगै ठूलो सङ्ख्यामा शरणार्थी ग्रीस र टर्कीको सीमा क्षेत्रमा आइपुगेका थिए । सिरियाली द्वन्द्व समाधानमा युरोपेली सरकारमाथि दबाब दिन टर्कीका राष्ट्रपतिले यस्तो कदम चाल्नुभएको हो । हालैमात्र सिरियाको इड्लिबमा सिरियाली फौजको हवाई कारबाहीमा दर्जनौं टर्केली सेनाको ज्यान गएपछि परिस्थिति जटिल बनेको छ ।

एक जना सरकारी स्रोतले सेना र प्रहरीले आफ्नो भूमिमा प्रवेश गर्न चाहने हजारौँ सिरियाली शरणार्थीलाई सीमामै रोकेको बताएको छ ।

आइतबार बिहानै कास्टानिज वन क्षेत्रको बाटो हुँदै ठूलो समूह ग्रीसतर्फ प्रवेश गर्न खोजेको स्रोतले बताएको छ । ग्रीकका अधिकारीले ७३ जना आप्रवासीलाई पक्राउ गरिएको बताएका छन् । उनीहरु इड्लिबका नभई अफगानिस्तान, पाकिस्तान र सोमालियाका नागरिक छन् ।

झण्डै १३ हजार आप्रवासी टर्की-ग्रीस सीमा क्षेत्रमा भेला भएका छन् । अन्तरराष्ट्रिय आप्रवासी संगठनका अनुसार यी व्यक्तिसँग बालबालिका र परिवारका अरु सदस्यसहित छन् । ग्रीसका सुरक्षाकर्मीले इभरोस नजिक आसपास गस्ती बढाएका छन् । उनीहरुले लाउडस्पिकरबाट आफ्नो भूमिमा प्रवेश नगर्न चेतावनीसमेत दिएका छन् ।

कतिपय स्थानमा प्रहरीमाथि ढुङ्गा प्रहार गर्ने आप्रवासीलाई नियन्त्रणमा लिन प्रहरी र सेनाले अश्रुग्यास प्रहार गरेको छ । टर्कीमा हाल झण्डै ३६ लाख शरणार्थीले आश्रय लिइरहेका छन् । उनीहरुमध्ये अधिकांश युरोप प्रवेश गर्ने योजनामा छन् । टर्कीका राष्ट्रपतिले यी आप्रवासीलाई युरोपले मानवीय सहायता नदिए आफूले सीमा खोलिदिने बताउँदै आउनुभएको छ ।

### तालिबान युद्धबन्दी लडाकूलाई अहिल्यै छाड्न सकिन्न : अफगान राष्ट्रपति

काबुल, १८ फागुन (रासस/एएफपी) ।

अफगानिस्तानका राष्ट्रपति अशरफ घानीले सात दिने आंशिक युद्धबिराम जारी रहने बताउनु भएको छ तर उहाँले अमेरिका-तालिबानबीच सम्पन्न नयाँ सम्झौताको प्रमुख अङ्शका रुपमा रहेको हजारौं तालिबानी विद्रोही बन्दीलाई रिहा गर्ने निर्णय अफगान सरकारलाई अस्वीकार्य रहेको बताउनुभयो ।

शनिबार दोहामा अमेरिका र तालिबानबीच सम्पन्न ऐतिहासिक सम्झौतामा हस्ताक्षर हुनुअघिको हप्तासम्म "हिंसामा कमी" आएको थियो । सम्झौतामा मुख्यरुपमा अमेरिकीसमेत सबै विदेशी सैनिक १४ महिनाभित्र स्वदेश फर्किने उल्लेख छ । यसको बदलामा तालिवानले धेरै प्रतिज्ञालाई सम्मान गर्नु पर्नेछ भने अझ विस्तृत शान्ति सम्झौताका लागि काबुलसँग वार्ता गर्नु पर्नेछ । "पूर्ण युद्धविरामको अवस्था सिर्जना गर्न हिंसामा कमी आउनु पर्नेछ," काबुलमा आयोजित पत्रकार सम्मेलनमा घानीले भन्नुभयो ।

"जनरल स्कट मिलरले तालिवानलाई यही गर्न सल्लाह दिनुभएको छ । यो अवस्थाले निरन्तरता पाउने अपेक्षा गरिएको छ," अफगानिस्तानमा तैनाथ विदेशी सेनाका संयोजक अमेरिकी कमाण्डरतर्फ देखाउँदै राष्ट्रपति घानीले भन्नुभयो ।

# कोईलाडीलाई गजेन्द्र नारायण सिंह स्मृती कपको उपाधी



**दैनिक समाचारदाता**
**राजविराज, १८ फागुन ।**

तिलाठी कोइलाडी गाउँपालिकामा संचालित स्व. गजेन्द्र नारायण सिंह स्मृति टि ट्वान्टी क्रिकेट प्रतियोगिताको उपाधी कोईलाडी क्रिकेट टिमले हात पारेको छ ।

तिलाठी कोईलाडी गाउपालीकाको आयोजना तथा सप्तरी क्रिकेट संघको संयोजनामा संचालित प्रतियोगिताको आइतबार सम्पन्न फाईनल खेलमा मंसापुर क्रिकेट टिमलाई ८७ रनले पराजित गर्दै कोईलाडीले उपाधी हात पारेको हो ।

टस जितेर कोईलाडी टिमले निर्धारित २० ओभरको खेलमा सबै बिकेट गुमाई १ सय ३५ रनको योगफल खडा गरेको थियो । जसमा जितेन्द्र पासवान ३०, रोहित सिँह २४ र नरेश मण्डलले १४ रनको योगदान दिएका थिए ।

बलिँग तर्फ मंसापुरका अजय मरिक ४, सुबोध मरिक २, धिरज मण्डल र महेश मण्डलले १/१ बिकेट हात पारेका थिए ।

जवाफमा मंसापुर टिम १२ ओभरमै सबै बिकेट गुमाई ४८ रन मै समेटिएको थियो । जसमा राजा राम मण्डलले १३ रन बनाउनु बाहेक अन्य कुनै पनि खेलाडी दोहोरो अंक पार गर्न सकेन ।

मंसापुरलाई सस्तोमा आउट गर्न कोईलाडी टिमका रोहित सिँहले किफायती बलिँग गर्दै ४ ओभरमा ९ रन दिएर ५ बिकेट हात पारेका थिए भने रोबिन सिँह २ तथा जुगनु मण्डल र नरेश मण्डलले १/१ बिकेट हात पारेका थिए ।

फाईनल खेलमा ५ बिकेट लिने रोहित सिँह म्यान अफ द म्याच घोषित भएका थिए । खेलको म्यान अफ द सिरिज दिपेश सरदार, बेस्ट ब्याट्स म्यान धिरज मण्डल, बेस्ट बलर मोहम्मद गुडु घोषित भएका थिए ।

प्रतियोगिता समाप्तीपछि आयोजित समारोहमा तिलाठी कोईलाडी गाउपालीका उपाध्यक्ष सुचिता यादब, वडा ३ का अध्यक्ष मनोज चौधरी, ४ अध्यक्ष गोपी मण्डल, ६ का अध्यक्ष गोबिन्द यादब, ७ अध्यक्ष गुलाव प्रसाद सिँह, ८ का लक्ष्मी प्रसाद खंग मण्डल, पुर्व राष्ट्रिय खेलाडी राजकुमार दास, प्रतियोगिता संयोजक राजेश झा, सप्तरी क्रिकेट संघका उपाध्यक्ष धर्मेन्द्र चौधरी लगायतले बिजेता तथा उपबिजेता, अम्पायर, फिल्ड ब्यबस्थापक, लगायतलाई शिल्ड, कप, मेडल ताथ प्रमाणपत्र बितरण गरेका थिए ।

# समाजवादी युवा संघमा शिवशंकर

**दैनिक समाचारदाता**
**राजविराज, १८ फागुन ।**

समाजवादी युवा संघ सप्तरीको अध्यक्ष पदमा शिवशंकर यादव सर्वसम्मतले चयन भएका छन् ।

तत्कालिन संघीय समाजवादी फोरम तथा नयाँ शक्ति पार्टीबीच एकीकरण भएपछि दुवै पार्टीको युवा भातृ संगठन समायोजन भई बनेको समाजवादी युवा संघ सप्तरीको अध्यक्षमा यादवसहित १५ सदस्यीय नयाँ कार्यसमिति गठन भएको हो ।

आईतवार तत्कालिन युवा फोरमका अध्यक्ष विशाल यादवको अध्यक्षता तथा केन्द्रीय सदस्य एवम् युवा समायोजन सप्तरीका संयोजक विनोद चौधरीको प्रमुख आतिथ्यमा आयोजित बैठकले १५ सदस्यीय नयाँ कार्यसमिति गठन गरेको छ ।

नवगठित कार्यसमितिको उपाध्यक्षमा राजिव साह, सागर यादव, सचिव केदार यादव, सहसचिव सुधिर यादव तथा कोषाध्यक्षमा नितु कुमारी पण्डित चयन भएकी छिन् ।

यस्तै सदस्यहरुमा ओमप्रकाश यादव, कुशेश्वर साह, राजकिशोर यादव, धर्मदेव सिंह, मो.. अन्सारुल, रामप्रसाद यादव, सुरेश महतो, धिरेन्द्र चौधरी र कपिलदेव साह चयन भएका छन् ।

कार्यक्रममा समाजवादी पार्टीका केन्द्रीय सदस्य शैलेश चौधरी, भिमराज यादव, सत्यनारायण यादव लगायतको समेत उपस्थिति थियो ।

## दादुरा रुवेला खोप अभियान

**दादुरा रुवेला खोप लगाऔं । आ-आफ्नो बालबालिकाहरुलाई दादुरा रुबेला रोगबाट बचाऔं ।**

यही फाल्गुन १ गतेदेखि नगरपालिका/गाउँपालिकाको सबै वडाहरुमा दादुरा रुवेला खोप अभियान संचालन हुदैछ । यस अभियानमा **९ महिना देखि ५ वर्ष मुनिका** सम्पूर्ण बालबालिकालाई दादुरा रुवेला रोग विरुद्धको खोप लगाइन्छ । आ-आफ्नो बालबालिकालाई नजिकैको खोप केन्द्रमा लगेर दादुरा रुवेला खोप लगाउन हुन अनुरोध छ । साथै जन्मदेखि **५ वर्ष मुनिका** बालबालिकाहरुलाई पोलियो थोपा समेत खुवाऔं ।

**दादुरा रुवेला खोप अभियान संचालन हुने चरण र मिति**

**पहिलो चरण**

(**२०७६ फाल्गुन १ गतेदेखि २०७६ फाल्गुन ९ गतेसम्म**)

राजविराज नगरपालिका, कञ्चनरुप नगरपालिका, हनुमाननगर कंकालिनी नगरपालिका, महादेवा गाउँपालिका, सप्तकोशी नगरपालिका, तिरहुत गाउँपालिका र तिलाठी कोइलाडी गाउँपालिका

**दोश्रो चरण**

(**२०७६ फाल्गुन ११ गतेदेखि २०७६ फाल्गुन १९ गतेसम्म**)

डाक्नेश्वरी नगरपालिका, राजगढ गाउँपालिका, छिन्नमस्ता गाउँपालिका र विष्णुपुर गाउँपालिकामा

**तेश्रो चरण**

(**२०७६ फाल्गुन २१ गतेदेखि २०७६ फाल्गुन २९ गतेसम्म**)

बोदेवर्साइन नगरपालिका, खडक नगरपालिका, शम्भुनाथ नगरपालिका, सुरुङ्गा नगरपालिका, अग्निसाईर कृष्णासवरण गाउँपालिका, बलान विहुल गाउँपालिका र रुपनी गाउँपालिका

**जिल्ला खोप समन्वय समिति**
**स्वास्थ्य कार्यालय, सप्तरी**

## भूमि सुधार तथा मालपोत कार्यालय सप्तरी, राजविराज

**विषय :– ३५ दिने सार्वजनिक सूचना**

**जिल्ला सप्तरी गा.पा./न.पा बोदेबसाईन वार्ड नं. ६ बस्ने खजनी बतिले मिति २०७६/११/८ मा निजका नाउँमा नम्बरी दर्ता रहेको तपसिल बमोजिमको जग्गाको निम्न बमोजिम भएकोमा निम्न बमोजिम पोत बुझि पाउँ भनी निवेदन दिएको हुनाले सर्वसाधारणको जानकारीको लागि यो ३५ दिने सूचना प्रकाशित गर्ने काम भएको छ, लेखिएको जग्गाहरु कसैको हकभोगको वा ऐलानी वा सार्वजनिक, टार, बगर, गौचर, समसानघाट प्रति इत्यादि भए यो सूचना प्रकाशित भएको मितिले बाटोका म्याद बाहेक ३५ दिन भित्र आफूसँगको सबूत प्रमाण समेत साथ राखी उजुर गर्न आउनु होला, तोकिएको म्याद भित्र उजुर गर्न नआएमा निवेदकका माग बमोजिम भै जानेछ । पछि तपाईको उजुर लाग्ने छैन ।**

**तपसिल**
**जग्गा विवरण**

**१. साविक २००४ सालमा सूर्यलाल अमातका नाउँमा नापी दर्ता भएको ।**
**२. २०२८ सालसम्मको सूर्यलाल अमातका नाउँमा रसिद भएको देखियो ।**

| गा.पा./न.पा.को नाम | वाड नं. | ब्लक नं. | साविक कि.न. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|
| फुलकाही | २ क | २७० | ६९६ | ०-२-२ मध्ये ०-०-१०१/२ | |
| ” | २ क | २७० | ६३३ | ०-२-७ मध्ये ०-०-१५ | |

## भूमि सुधार तथा मालपोत कार्यालय सप्तरी, राजविराज

**विषय :– ३५ दिने सार्वजनिक सूचना**

**जिल्ला सप्तरी गा.पा./न.पा फुलकाही वार्ड नं. २ बस्ने रघुनाथ रायले मिति २०७६/११/६ मा निजका नाउँमा नम्बरी दर्ता रहेको तपसिल बमोजिमको जग्गाको निम्न बमोजिम भएकोमा निम्न बमोजिम पोत बुझि पाउँ भनी निवेदन दिएको हुनाले सर्वसाधारणको जानकारीको लागि यो ३५ दिने सूचना प्रकाशित गर्ने काम भएको छ, लेखिएको जग्गाहरु कसैको हकभोगको वा ऐलानी वा सार्वजनिक, टार, बगर, गौचर, समसानघाट प्रति इत्यादि भए यो सूचना प्रकाशित भएको मितिले बाटोका म्याद बाहेक ३५ दिन भित्र आफूसँगको सबूत प्रमाण समेत साथ राखी उजुर गर्न आउनु होला, तोकिएको म्याद भित्र उजुर गर्न नआएमा निवेदकका माग बमोजिम भै जानेछ । पछि तपाईको उजुर लाग्ने छैन ।**

**तपसिल**
**जग्गा विवरण**

**१. साविक २००४ सालमा सूर्यलाल अमातका नाउँमा नापी दर्ता भएको ।**
**२. २०२८ सालसम्मको सूर्यलाल अमातका नाउँमा रसिद भएको देखियो ।**

| गा.पा./न.पा.को नाम | वाड नं. | ब्लक नं. | साविक कि.न. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|
| फुलकाही | २ क | २७० | ६९६ | ०-२-२ मध्ये ०-०-१०१/२ | |
| ” | २ क | २७० | ६३३ | ०-२-७ मध्ये ०-०-१५ | |

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६
ipay remit
CITY EXPRESS MONEY TRANSFER
Money Transfer Made Easy
Best Remit Quick & Easy
PRABHU Money Transfer
प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*